स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



रामबाबु गुरुङ निर्देशित फिल्म 'डिग्री माइला'को टिजर सार्वजनिक गरिएको छ । साढे ३ मिनेट लम्बाईको टिजरलाई तीन खण्डमा बाँडिएको छ । पहिलो खण्डमा डिग्री पास गरेका दयाहाङ राईसँग स्थानीय शिक्षकहरुले गरेको प्रश्नोत्तरलाई कमेडी शैलीमा प्रस्तुत गरिएको छ भने दोस्रो खण्डमा गीतको सानो अंश छ, जहाँ अभिनेत्री आँचल शर्मासँग दयाहाङ रोमान्टिक अवतारमा चित्रित छन् । टिजरको तेस्रो खण्ड अर्थात् क्लाइमेक्समा बाउ-छोराबीचको गन्थनमन्थन छ ।

आजको विचार...



लिखितममा... (दुई पेजमा)

प्रा.देवीभक्त ढकाल



अभिनेत्री तथा मोडल अदिती बुढाथोकी मुम्बईमा मोडलिङ र विज्ञापनमा व्यस्त छिन् । उनले अभिनय गरेका सांगीतिक भिडियो पनि आइरहन्छन् । यसबाहेक इन्स्टाग्रामबाट उनी हरेक दिनजसो आफ्ना स्टाइलिस तस्वीर सेयर गरिरहेकी हुन्छिन् । इन्स्टा स्टोरी र टाइमलाइनबाट उनी फ्यानसँग अन्तर्क्रिया गरिरहेको पनि देखिन्छ । बेलाबेलामा अदितीले इन्स्टा स्टोरीबाट फ्यानसँग प्रश्नोत्तर गर्छिन् । एक फ्यानले उनलाई तपाईं आधा नेपाली र आधा इण्डियन हो भनेर सोधेका छन् । यो प्रश्नको जवाफमा अदितीले आफू शतप्रतिशत नेपाली भएको र नेपाललाई माया गर्ने बताएकी छन् ।

❒ वर्ष २९ ❒ अंक २०४ ❒ २०८० फागुन ९ गते बुधबार 21 February 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### मंगोलियामा ४९ वर्षपछि भारी हिमपात



(रासस-सिन्ह्वा)

**उलान बातोर,** फागुन, यस हिउँदमा, मंगोलियामा कीर्तिमानी हिमपात भएको छ । जुन सन् १९७५ पछिको सबैभन्दा उच्च रहेको मौसम विज्ञान र वातावरणीय अनुगमनका लागि राष्ट्रिय एजेन्सीले मंगलबार जनाएको छ । यस हिउँदमा हालसम्म औसत हिमपात ९.६ मिलिमिटर पुगेको मौसम अनुगमन निकायले जनाएको छ ।

मंगोलियाका लगभग सबै प्रान्तहरूमा बारम्बार भारी हिमपात भएको छ । बारम्बार हिमपातका कारण यस हिउँदमा चरम चिसोको अनुभव गरिएको एजेन्सीले जनाएको छ । देशको ८० प्रतिशतभन्दा बढी भाग हिउँले ढाकेको छ । सोमबारसम्म मंगोलियामा अत्यधिक चिसो मौसमका कारण हुने पशुको मृत्युको संख्या ६ लाख ६७ हजार ८४१ पुगेको छ । मंगोलिया संसारको नोमाडिक देशहरूको मध्ये एक हो यहाँ लगातार कडा हिमपात, धुलो, आँधीहुरी आइरहने कठोर महाद्वीपीय जलवायुले युक्त छ ।

## पाल्पा प्रहरी प्रमुखमा नरेन्द्र

# सुरक्षा योजना बनाएर काम गर्छु : एसपी चन्द

रामचन्द्र रायमाझी

**पाल्पा,** फागुन ८/जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रमुख तथा प्रहरी उपरीक्षक नरेन्द्र चन्दले प्रभावकारी सुरक्षा योजना बनाएर काम गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् । साइबर ब्युरो अपराध अनुसन्धान शाखा भोटाहिटीबाट पाल्पामा सरुवा भई आएका चन्दले मंगलबार जिल्लाका क्रियाशील पत्रकारहरूसँगको छलफल तथा परिचयात्मक कार्यक्रममा बोल्दै जिल्लाको शान्ति सुरक्षालाई मजबूद बनाउन प्रभावकारी सुरक्षा योजना बनाएर काम गर्ने बताएका हुन् ।

उनले पत्रकारहरुले दिएका सुझावहरुलाई आत्मसाथ गर्दै आम नागरिकमा सुरक्षाको प्रत्याभूति दिने गरी योजना बनाएर अगाडि बढ्ने धारणा व्यक्त गरे । एसपी चन्दले भने 'हामीसँग प्रहरी जनशक्ति कम छ, तर पनि सिमित जनशक्ति परिचालन गरी जिल्लाको सुरक्षालाई थप प्रभावकारी र मजबूद बनाउने दिशामा म र मेरो टिम लाग्छ ।' सडक दुर्घटना न्यूनिकरण चुनौतिको रुपमा रहेकाले त्यसलाई नियन्त्रण गर्न प्रहरी एक्लैले सम्भव नहरेको भन्दै उनले नागरिकस्तरमै पुगेर उनीहरुसँग सहकार्य गर्ने पनि बताए । एसपी चन्दले



कानुनको परिधी भित्र रहेर पीडित नागरिकहरुलाई न्याय दिने काममा समेत आफ्नो सक्रियता रहने बताए । उनले भने 'अन्यायमा परेका कोही पनि नागरिकलाई काखा र पाखा नगराई न्याय दिलाउने काममा लाग्ने छु ।' एसपी चन्द्रले वर्षौंदेखि पेण्डिङ्मा रहेका फाइलहरु हेरेर काम कारवाही अगाडि बढाउने पनि बताए । पत्रकारहरुसँग कुरा गर्दै उनले भने, 'प्रहरी र पत्रकारबीच पेशागत सम्बन्ध कायम राख्न सधै प्रतिवद्ध छु ।' उपरीक्षक चन्दले शान्ति सुरक्षा र जनताका हरेक क्रियाकलाप आफ्नो पहिलो प्राथमिकता रहेको बताए । जिल्ला प्रहरी कार्यालयका डिएसपी सुगन्ध श्रेष्ठले जिल्लाका हरेक घटनाबारे जानकारी दिने कार्यलाई अझै प्रभावकारी बनाउन आफुहरु थप सक्रिय भएर लाग्ने बताएका छन् । पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्माले मिडिया मैत्री बन्न प्रहरीलाई आग्रह गरे । उनले यस अघिका केही प्रहरी प्रमुखहरुले स्मरणयोग्य कार्य गरेर गएको भन्दै सरुवा भएर आएका नयाँ एसपी चन्दलाई पनि आफ्नो कार्यकालभरी स्मरणयोग्य र नमूना काम गर्न आग्रह गरे । उनले प्रहरीका सकरात्मक गतिविधिप्रति जिल्लाका पत्रकारहरुको साथ र सहयोग रहने पनि बताए । कार्यक्रममा पत्रकारहरुले टिपरको ओभरलोड रोक्नुपर्ने, सूचना प्रवाह प्रभावकारी बनाउनुपर्ने, ग्रामीण क्षेत्रमा चल्ने सवारीको भाडादर समायोजन गर्न पहल गर्नुपर्ने, आर्थिक अनियमिता रोक्नुपर्ने जस्ता सुझाव दिएका थिए । यस अघिका एसपी हेरम्वर शर्माको काठमाडौं सरुवा भएपछि नयाँ प्रहरी प्रमुखको रुपमा चन्द पाल्पा आएका हुन् ।


## रक्तदान गरौं, स्वस्थ जीवन बिताऔं

- तपाई हामीले दिएको एक युनिट रगतले तीन जना सम्मको ज्यान बच्न सक्दछ,
- हरेक स्वस्थ व्यक्तिले तीन-तीन महिनामा रक्तदान गर्न मिल्दछ,
- १८ वर्षदेखि ६५ वर्षको उमेरसम्म रक्तदान गर्न सकिन्छ,
- रगतको अन्य विकल्प नभएकोले रक्तदान नै एकमात्र उपाय हो,
- रक्तदानमा कुनै धर्म र जात हुँदैन,
- रक्तदान दानमध्ये सबैभन्दा ठूलो दान अर्थात् जीवन दान हो,
- प्रयोगमा नआएको रगत सम्बन्धित ठाउँमा फिर्ता गरौं,

***आफूले पनि रक्तदान गरौं, अरुलाई पनि रक्तदान गर्न प्रेरित गरौं ।***

नेपाल सरकार

विज्ञापन बोर्ड


# आज अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइदैं

**पाल्पा,** फागुन ८/आज अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइदैंछ । हरेक वर्ष फेब्रुअरी २१ लाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा मनाइँदै आइएको हो । यो दिवस सन् २००० देखि भाषिक र सांस्कृतिक विविधता एवं बहुभाषिकता प्रवर्द्धन गर्ने हेतुले मनाउने गरिन्छ । संयुक्त राष्ट्रसंघ महासभाले सन् १९९९ मा घोषणा गरी सन् २००० देखि फेब्रुअरी २१ तारिखका दिन अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरेको हो । नेपालमा भने विसं २०६६ देखि विशेषरुपमा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको थियो ।




नेपालमा १ सय ३१ वटा भाषा बोलिन्छन् । तर ती भाषामध्ये मातृभाषाका रूपमा बोलिने भाषाहरूको संख्या, बोलिने स्थान, वक्ता र भाषिक जीवन्तता बारे सोधखोज भएको छैन । राष्ट्रिय जनगणनाले समेत भाषिक चित्र दिन नसकेको भाषाविज्ञहरू बताउँछन् । गणनाबाट केवल जातजाती र ती भाषाका वक्ता संख्या मात्रैको आँकडा आउने गरेको छ । भाषाले सञ्चार, पहिचान र विकासका लागि दीर्घकालीन महत्व बोकेको हुन्छ । भाषा लोप हुँदा यसको साँस्कृतिक र बौद्धिक धरोहरको समेत अवशान हुन्छ । भाषाको मृत्युसँगै त्यस भाषामा अन्तर्निहित ज्ञान, संस्कार, संस्मरण सांस्कृतिक र भाषिक विविधता लोप हुन पुग्दछ ।

भाषिक विविधताले नवीन सोचाइ र यसले संसारलाई हेर्ने नवीन दृष्टिकोणसमेत बोकेको हुन्छ । भाषिक विविधता आफैंमा वैज्ञानिक खोज-अनुसन्धानको विषय पनि हो । पछिल्लो समय मातृभाषा लोप हुन थालेका छन् । हरेक वर्ष जस्तै आज पनि विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## काँग्रेस महासमितिमा रस्साकस्सी

सत्तारुढ दल नेपाली काँग्रेसको नीति अधिवेशन अर्थात महासमिति बैठक चलिरहेको अवस्थामा सरकार सञ्चालन प्रक्रियाको सुत्र गठबन्धनमै दरार आउने संकेतहरु अहिले आएर फेरि देखिन थालेका छन् । नेपाली काँग्रेसको नयाँ पुस्ता निर्वाचनका बेला चिह्नलाई लिएर गरिने गठबन्धन आफैमा पार्टीका निम्ति हितकर भएन भन्ने अभियानलाई निणयार्थ पेश गर्दैछ भने पार्टी सभापति शेरबहादुर देउवा अहिलेको गठबन्धनबाट बनेको सरकारलाई गाह्रो पर्ने गरेर यसो गर्नु हुँदैन भन्ने सोंचमा देखिन्छन् । त्यसकारण नेपाली काँग्रेसको महासमिति बैठक आफैमा अत्यान्त्यै गम्भीर मोडबाट अगाडि बढिरहेको छ । पार्टीको संस्थापन इतरपक्ष महामन्त्रीहरुको प्रस्तावलाई जस्ताको तस्तै पास गर्नुपर्छ भन्ने आशयका साथ अगाडि बढेको पाइन्छ भने शेरबहादुर देउवा पक्ष त्यसो हुन नदिने दाउँमा पेचिंलो गरी कसरत गरिरहेका छन् । महामन्त्रीहरु देश दौडाहासँगै आफ्ना एजेण्डा पास भएपछि १५ औं महाधिवेशनको पूर्व तयारीका लागि अग्रसर भएर लाग्ने दाउँमा देखिन्छन् भने संस्थापन पक्ष आफ्नो कमजोर मानसिकतालाई जसरी भएपनि आफ्नो अनुकुल बनाउने तरखरमा लागेका छन् । त्यसकारण नयाँ पुस्ता र संस्थापन पक्षबीच राजनैतिक शक्तिसंचयलाई माग भएको १५ औं महाधिवेशनको समय तोक्ने र अबको निर्वाचनका बेला पार्टीले गठबन्धन गर्ने र नगर्ने बीच मध्यविन्दुमा लगेर महासमितिले नयाँ कार्यदीशा अवलम्वन गर्ने देखिन्छ ।

नयाँ पुस्ताले गठबन्धन नगर्ने कुरालाई पारित गराउन सकेनन् भने १५ औं महाधिवेशन २०८२ सालमै गर्ने गरी निर्णय गराएर चित्त बुझाउनुपर्ने अवस्था आउँन सक्छ । यो रस्साकस्सीकाबीच महामन्त्रीहरुका दुवै महत्वपूर्ण प्रस्तावहरु एक साथ पास भए भने पार्टीको हालको संस्थापन पक्ष कमजोर हुने र शेखर कोइराला, गगनकुमार थापा र विश्वप्रकाशको समूहको पार्टीमा दवावले काम गर्ने अवस्था आउँने सम्भावना पनि प्रवल देखिन्छ । त्यसकारण यो शताब्दीकै सबैभन्दा महत्वपूर्ण र अब मुलुकलाई कुन दीशातर्फ अग्रसर गर्ने भन्ने विषयलाई यो महासमितिको बैठकले नेपाली काँग्रेसभित्र पुस्ता हस्तान्तरणको कार्यदीशाको गोरेटो बाटोलाई मूल प्रवाही करण गर्ने क्रममा महत्वपूर्ण भूमिका खेल्ने छ । अनि मात्र मुलुकले निकास पाउने आशा गरिनु आफैमा उपयुक्त हुनेछ ।

## Opinion @ Social Network


सबै भन्दा सस्तो औषधी भनेको हाँस्नु हो,
किनभने यसको कमी भयो भने सबभन्दा महङ्गो औषधी खान बाध्य भइन्छ ।
*(दिपेन सारुको फेसबुक स्टाटसबाट https://www.facebook.com//dipen.saru.)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लिखितममा लोकतन्त्र व्यवहारमा नेतातन्त्र



**प्रा.देवीभक्त ढकाल**

वास्तविक लोकतन्त्र यस्तो शासन व्यवस्था हो जहाँ सबै नागरिकलाई समान अधिकार, समान अवसर र समान कानुन व्यवहारमा स्वत: कार्यान्वयन हुने संयन्त्र सधैं प्रभावकारी हुन्छन् । नियम, कानुनको कार्यान्वयन व्यक्तिको लहडमा र आदेशमा होइन पद्धतिमा अक्षरस: लागू हुन्छ । त्यसको कार्यान्वयन सबैमा समान हुन्छ । कानुनले कोही कसैलाई पक्षपात गर्ने सम्भावना हुँदैन । लोकतान्त्रिक व्यवस्थामा सत्ता प्राप्त गर्ने निश्चित प्रक्रिया र पद्धति हुन्छ । पद्धति र प्रक्रियाबिना सत्तामा जाने र टिक्ने विषय असम्भव प्राय: हुन्छ । कथंकदाचित प्रक्रियालाई बेवास्ता गर्दै सत्तामा पुगे भने ती सत्ताधारीहरू आलोचितमात्रै होइन दण्डित हुन्छन् । फेरि सत्तामा रहने विषय विधि र पद्धतिद्वारा सुनिश्चित हुन्छ । कानुनी शासन भनेको कानुन बनाउनेहरू र कार्यान्वयन गर्नेसमेत कानुनको दृष्टिमा समान दण्डित हुने विषय वास्तविक कानुनी राज्यमा अनौठो मानिँदैन । राज्य सञ्चालनको सन्दर्भमा व्यक्तिगत लाभका विषय कुनै अवस्थामा प्राथमिकतामा पर्दैनन् । राष्ट्रिय हितविपरीतका सबै काम आलोचितमात्रै होइन दण्डितसमेत हुन्छन् । प्रजातन्त्र फगत लिखितम् र बकितमका विषय किमार्थ होइनन् । लोकतन्त्रलाई जसले लिखितम र बकितममा सीमित गरेका छन् तिनीहरूले नै प्रजातन्त्र र लोकतन्त्रको बदनाम गरेका छन् । हाम्रो प्रजातन्त्रलाई वास्तवमा नेताहरूले अहिले लिखितम् र बकितमको विषय बनाएका छन् । यिनीहरू जे बोल्छन् त्यो गर्दैनन् र जे गर्छन् त्यो भन्दैनन् । हाम्रा शासकहरूको विशेषता र दुर्गुण भनेकै कथनी र करनीबीचको अन्तर हो । नेपाली शासकहरू प्रजातन्त्रलाई वा लोकतन्त्रलाई बदनाम गर्नेहरूमध्ये सम्भवत: संसारमै एक नम्बरमा पर्छन् ।

प्रजातान्त्रिक शासकमा नैतिकता, सदाचार, इमानदारी, इन्टिग्रिटी, जवाफदेही, पारदर्शिता, धन र सत्ताप्रतिको आशक्ति शून्यता भाषणमा होइन व्यवहारमा प्रतिबिम्बित र प्रमाणित हुनुपर्छ । भाषणमा भ्रष्टाचारको विरोध गर्ने व्यवहारमा भ्रष्टाचार कसरी र कहाँ गर्न सकिन्छ भनेर चिन्तन गर्ने हाम्रा शासकहरूबाट प्रजातन्त्र र लोकतन्त्र बदनाम भएको छ । विभेद शून्यता र समता प्रजातान्त्रिक शासनका अमूल्य उपहार हुन् । यी विषयमध्ये यदि कुनै विषयमा प्रश्नचिफन लाग्यो भने ती शासकहरू किमार्थ प्रजातान्त्रिक शासक होइनन् । प्रजातान्त्रिक शासकीय गुणहरूको अक्षरस: पालन नगरकिन कुनै शासक प्रजातान्त्रिक शासक ठहरिँदैन । सफल लोकतान्त्रिक शासक र शासन त्यो हो जसमा सामाजिक न्यायको साथसाथै आर्थिक न्याय सुनिश्चित भएको अनुभूति आमनागरिकले गरेको हुनुपर्छ । भाषणमा र संविधानमा मात्रै उल्लेखित तर व्यवहारमा नागरिकहरूले शासन र शासकलाई प्रजातान्त्रिक हुन् भन्ने अनुभूत नगरिकन त्यो व्यवस्था र ती शासकहरू प्रजातान्त्रिक शासकको श्रेणीमा किमार्थ पर्दैनन् । नेताहरूका फ्याङ्ला भाषणमा र संविधानका अक्षरहरूमा सीमित स्वतन्त्रता र न्यायको कुनै अर्थ हुँदैन जबसम्म नागरिकले सामाजिक, आर्थिक, स्वतन्त्रताको र समानताको प्रत्यक्ष अनुभूति गर्दैनन् । जनताको अनुभूति, अनुभव र मूल्यांकनको आधारमा व्यवस्था र शासकहरू लोकतान्त्रिक छन् कि छैनन् भन्ने निर्क्यौल हुन्छ । लोकतन्त्रको वास्तविक कसी नै समानता र न्यायको अनुभूतिसँग अन्तरसम्बन्धित छ । जहाँ समानता र न्यायलाई निर्मम कार्यान्वयन शासकहरूले गर्दैनन् त्यो व्यवस्था लोकतान्त्रिक किमार्थ हुन सक्दैन । लोकतान्त्रीकरण संविधानमा लेखिएका अक्षर र नेताहरूका भाषणबाट प्राप्त हुने विषय होइनन् । लोकतान्त्रीकरण एक यस्तो व्यावहारिक र सैद्धान्तिक प्रक्रिया हो जसले गैरलोकतान्त्रिक समाजलाई लोकतन्त्रको सुरुवात, संस्थाकरण र सुदृढीकरणतर्फ लैजान्छ । लोकतन्त्र जनताको शासनको प्रतीक हो । लोकतान्त्रिक शासकद्वारा भए गरेका क्रियाकलाप पारदर्शीमात्रै होइन विधिप्रधान हुन्छन् न कि व्यक्तिप्रधान । विधिको निर्माण जनप्रतिनिधिबाट हुने भएकाले त्यस्तो विधिको निर्माण हुन्छ जहाँ विधिप्रति जनताको गुनासो र असन्तुष्टिको गुञ्जायस नै रहँदैन । यदि गुनासा आए भने तत्काल सम्बोधन हुन्छ । जनताले असहज अनुभव गर्ने विधि र कानुनको निर्माण लोकतान्त्रिक व्यवस्थामा हुँदैन भन्ने मान्यताका कारण शासक र शासनप्रति जनताको गुनासो हुँदैन भन्ने आममान्यतामा लोकतान्त्रिक शासन व्यवस्था सञ्चालित हुन्छ । राजनीतिमा विभिन्न समूहको हितलाई सम्बोधनका विषयमा उत्पन्न विवादलाई समाधान गर्ने उपायमध्ये हिंसात्मक बाटोबाट समाधानमा पुग्ने सोच, दृष्टिकोणका विपरीत असन्तुष्ट पक्षसँग बातचित, सम्वाद र छलफलका माध्यमले दिगो समाधान खोज्ने विश्वकै सर्वोत्तम व्यवस्थाका रूपमा लोकतन्त्रलाई अंगीकार गरिएको हो ।

लोकतन्त्रले हिंसामा होइन सम्वाद, छलफल र अन्तर्क्रियाका माध्यमले समस्याको समाधन गर्ने विषयमा विश्वास गर्छ । त्यसैले हिंसात्मक बाटोलाई प्रजातान्त्रिक र सभ्य समाजले सदैव निन्दा गर्छ । लोकतन्त्रले हिंसालाई अस्वीकारमात्रै गर्दैन घृणासमेत गर्छ । प्रजातान्त्रिक व्यवस्थामा विवादहरूको समाधानको एकमात्र सूत्र सम्वाद हो । छलफल हो र अन्तर्क्रिया हो न कि हिंसा । प्रजातान्त्रिक व्यवस्थामा हिंसामा विश्वास गर्नेहरूको कुनै स्थान हुँदैन । अहिंसात्मक आन्दोलनका माध्यमले परिवर्तन सम्भव छ भन्ने विश्वास, आदर्शमा मात्रै प्रजातन्त्र र लोकतन्त्रको परिकल्पना हुन्छ । जनताले जनताका लागि जनताद्वारा गरिने शासन व्यवस्थालाई नै प्रजातान्त्रिक वा लोकतान्त्रिक शासन व्यवस्था भनिन्छ । स्वतन्त्र र निष्पक्ष जनमतका माध्यमले जनताले जनताद्वारा जनताका लागि गर्ने आवधिक शासकीय सेवा हो प्रजातन्त्र वा लोकतन्त्र । जनताले जनताका लागि जनताद्वारा हुने शासकीय स्वरूप वा पद्धतिलाई नै प्रजातन्त्र वा लोकतन्त्र भनिन्छ । लोकतन्त्र जनताद्वारा निर्वाचित समूहद्वारा निर्मित कानुन व्यवस्थालाई अक्षरस: पालना गर्दै राज्य व्यवस्थाको सुसञ्चालन विधि र प्रविधिको नाम हो प्रजातन्त्र र लोकतन्त्र । जनताका प्रतिनिधिहरू आफैंले बनाएको विधिद्वारा नियन्त्रित, व्यवस्थित र अनुशासित हुने पद्धति साथै संस्कारको नाम हो प्रजातन्त्र र लोकतन्त्र । लोकतान्त्रिक शासकहरूमा व्यक्तिगत निर्णयको कुनै स्थान, गुञ्जायस नभएको अवस्था, व्यवस्था हो प्रजातन्त्र अर्थात् लोकतन्त्र । निर्वाचित पदाधिकारीले संविधान प्रदत्त अख्तियारीको कार्यान्वयन गर्ने अधिकार हो, तसर्थ उसले पदमा रहँदा कुनै प्रकारका आग्रह-पूर्वाग्रही बनेर निर्णय लिने निर्णयहरूको कार्यान्वयन गर्ने विशेष अधिकारको गुञ्जास छैन/हुँदैन भनेमात्र त्यो शासन व्यवस्था, शासकलाई लोकतान्त्रिक व्यवस्था, लोकतान्त्रिक शासक भनिन्छ । भाषणमा लोकतान्त्रिक व्यवस्था र शासक हुँ भन्न सजिलो छ तर पदमा रहँदा संविधान, कानुन अनुसार अधिकारलाई निष्पक्ष कार्यान्वयन गर्ने विषय कठिन छ । सबै लोकतान्त्रिक शासक, सरकार भाषणमा र संविधानका अक्षरहरूमा मात्रै लोकतान्त्रिक, प्रजातान्त्रिक हुन्छन् तर व्यवहारमा लोकतान्त्रिक, प्रजातान्त्रिक हुने विषय अत्यन्तै दुर्लभ मानिन्छ ।

दुर्लभताको मुख्य कारण स्वार्थ, लोभ, नातावाद, नैतिकता, इमानदारी, जवाफदेही र इन्टिग्रिटीको खडेरी हो । संसारका सबै तानाशाहहरू समेत आफूलाई लोकतान्त्रिक भन्छन् । संविधानका अक्षरहरूमा लोकतन्त्र शब्द सजाइएको हुन्छ तर व्यवहारमा ती विषयप्रति अधिकांश शासक इमानदार नहुँदा लोकतन्त्र व्यावहारिक विषय नभएर वास्तवमा यो आलंकारिक विषय भएको छ । लोकतन्त्र शब्द जनतालाई धोका दिने र ठग्ने शब्दका रूपमा प्रयोग भएकाले संविधानमा लेखिएको लोकतन्त्र शब्दको उपहास धेरै शासकले गरेका छन् । नेपालमा लोकतन्त्र र प्रजातन्त्र जनतालाई झुक्याउने र ठग्ने शब्द बनेको छ । शासकीय शैली अलोकतान्त्रिक तर भाषणमा सधैं प्रयोग लोकतन्त्र र प्रजातन्त्र गर्नेहरूले लोकतन्त्र र प्रजातन्त्रको उपहास गरेका छन् । नेपाली शासक यस शब्दलाई उपहास गर्न सबै सधैं लागि परेका छन् । यसलाई दुर्नाम गरेर स्वार्थ सिद्ध गर्नेहरूको चक्रव्यूहबाट नेपाली राजनीतिलाई मुक्त गर्नुपर्ने अवस्थामा जकडिएको छ । जहाँ जनताका प्रतिनिधिमा निर्णय लिने अधिकार अन्तरनिहित हुन्छ । जनताका प्रतिनिधिहरूले नै जनतालाई धोका दिए वा उनीहरू व्यक्तिगत लाभ र लोभमा फसे भने ती शासकहरू कसरी लोकतान्त्रिक शासक हुन्छन् । त्यस्ता शासकहरू उत्पादन गर्ने संविधान कसरी लोकतान्त्रिक हुनसक्छ ? लिखितममा लोकतन्त्र र व्यवहारमा नेतातन्त्र हावी हुँदा हाम्रो लोकतान्त्रिक संविधान अहिले संकटग्रस्त छ । संविधान संकटग्रस्त हुने कारणको खोज गर्ने हो भने यसको मुख्य कारण शक्ति पृथकीकरणको सिद्धान्तको बेवास्ता हो । कार्यपालिकाबाट न्यायपालिका र व्यवस्थापिका स्वतन्त्र हुनुपर्छ भनेर लेखिएको छ तर त्यो व्यवहारमा लागू हुन नसक्दा अहिले संविधानप्रति जनताको असन्तुष्टि बढेको छ । जुन संविधानप्रति जनता असन्तुष्ट हुन्छ त्यो संविधान कसरी लोकतान्त्रिक हुन्छ ? लोकतन्त्रमा समानता र न्याय महत्वपूर्ण विषय हुन् । समानता र न्यायका दृष्टिकोणले हाम्रो लोकतन्त्र बदनाम भएको छ । संविधानको कार्यान्वयन पछि असमानता, अन्याय चुलिएको अनुभूति नेपाली जनतासँग छ । तसर्थ असमानता, अन्याय चुलिनु लोकतन्त्र र प्रजातन्त्रको दृष्टिमा अशुभ मानिन्छ । अवसरको वितरण योग्यता, क्षमता र कार्यदक्षताको आधारमा नभएर आर्थिक लेनदेन, नातागोता, पार्टी क्षेत्र, जात आदिको आधारमा हुँदा न्यायालयजस्तो निष्पक्ष, तटस्थ बन्नुपर्ने ठाउँमा हुने न्यायाधीशहरूको नियुक्तिले पक्षपातको बीजारोपण गरेको तीतो अनुभव छ ।

भ्रष्टाचार, कुशासनजस्ता विषयमा सम्बन्धित पक्षले दण्डित गर्ने विषय स्वत: सम्पादन नभएर प्रधानमन्त्रीले म यो फाइल खोल्छु, ऊ फाइल खोल्छु भन्दै भाषण गर्ने विषयले राज्यका स्वतन्त्र निकायको रूपमा रहेका अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा न्यायालयलाई सरकारको कठपुतली बनाउने अभिव्यक्ति वास्तवमा लोकतन्त्रविरोधी अभिव्यक्ति हो । कानुनको दृष्टिमा सबै समान भन्ने सिद्धान्तलाई प्रहरीले सधैं लत्याउँदा पनि विभेदकारीलाई कानुनी कारबाही किन हुँदैन ? अख्तियारले छानविन सुरुवात गर्छ त्यो छानविन शेरबहादुर, पुष्प कमल दाहाल, खड्गप्रसाद ओलीजस्ता शक्तिशालीहरूको नसनातामा सोझियो भने छानविन र तहकिकातका विषय किन अवरुद्ध हुन्छन् ? एउटै मुद्दामा बालकृष्ण खाँड र टोपबहादुर रायमाझीलाई हतकडी नलगाउने र उनीसँगैका अन्य अभियुक्तलाई हत्कडी लगाउने कामले कानुनको दृष्टिमा सबै नागरिक समान भन्ने संविधानको अक्षरले कुरीकुरी गर्दा पनि जनताले त्यसको विपक्षमा आवाज उठाउँदा पनि त्यो विभेद बारम्बार दोहोरिन्छ भने हाम्रो संविधानले उल्लेख गरेको समानता शब्दको अर्थ कसरी लगाउने ? फेरि एउटै प्रकृतिको मुद्दा खेपिरहेका टोपबहादुर प्रतिपक्षका सांसद भएका कारण जेल बस्नुपर्ने तर बालकृष्ण खाँड भने शेरबहादुर र सत्ता पक्षका भएका कारण जेलमुक्त भएर पुर्पक्ष गर्न पाउने विषयले न्यायिक समान्ताको कन्तविजोग भएको छ । यस्तै अवस्था ठूला व्यापारीमा नाम दर्ता भएका चौधरी ग्रुपका मालिकलाई जेल बसेर पुर्पक्ष गर्नु नपर्ने कानुन र नियमले हाम्रो न्यायिक समानताको सिद्धान्तलाई न्यायाधीशहरूले नै उपहास गरेका छन् । यसमा न्यायाधीशहरूको नियुक्ति, पदोन्नतिजस्ता विषयमा सरकारको प्रत्यक्ष प्रभाव पार्ने प्रावधानले न्यायाधीश, न्यायालय वास्तवमा स्वतन्त्र र निष्पक्ष छैनन् । न्यायाधीश र न्यायालयहरू निष्पक्ष नभएर सरकार परस्त हुँदा त्यसको विकृति स्वरूप भ्रष्टाचार मौलाएको छ ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तबाट सहयोग मिल्नेछ । भूमिबाटपनि लाभलिन सकिनेछ । | **तुला** : मित्रबाट विशेष सहयोग मिल्नेछ । धनार्जनका स्रोतहरु पत्ता लाग्नेछन् । |
| **वृष** : वैदेशिक क्षेत्रबाट सफलता मिल्ने छ । अवसरले मन प्रसन्न रहनेछ । | **वृश्चिक** : कतै घुम्न जाने योजना बन्न सक्छ । कार्य सम्पादन हुनेछ । |
| **मिथुन** : धार्मिक महत्वको क्षेत्रमा भ्रमण हुनसक्छ । कान्ति र शान्ति छाउनेछ । | **धनु** : दौडधूप गर्नु परेपनि लाभ नै हुने छ । रमाइलो यात्राको योग रहेको छ । |
| **कर्कट** : काम वा रोजगारको अवसर मिल्नेछ । मन कमजोर रहन सक्छ । | **मकर** : मनमा दुविधा उत्पन्न हनेछ । धार्मिक कार्यमा मन चैं लाग्नेछ । |
| **सिंह** : आकस्मिक लाभ प्राप्त हुने छ । प्रतिस्पर्धामा विजयी भइनेछ । | **कुम्भ** : आफन्तजनसँग सम्बन्ध कायम हुनेछ । वैदेशिक कार्य अघी बढ्नेछ । |
| **कन्या** : दैनिक व्यवहारमा खर्च बढ्छ । सुन्दर पहिरनले निखारता ल्याउनेछ । | **मीन** : विद्या र बुद्धिको विकास हुनेछ । अतिथिको रूपमा सत्कार पाइएला । |

## मनोरञ्जन

# हिन्दी फिल्ममा देखिँदै बेनिशा

बलिउड फिल्ममा नेपाली कलाकारको उपस्थिति बढ्दो छ । मनिषा कोइराला, सुनिल थापा, भोलाराज सापकोटा, झरना बज्राचार्य लगायतले हिन्दी फिल्ममा काम गरिसकेका छन् । तथापि, मनिषा जत्ति बलिउडमा अरु स्थापित हुन सकेनन् । अब चाँडै अभिनेता प्रदीप खड्काले फिल्म 'ऐरी' बाट बलिउडमा डेब्यू गर्दैछन् भने अभिनेत्री बेनिशा हमाल पनि बलिउड फिल्ममा देखिने भएकी छन् ।



बेनिशाले फेसबुकमार्फत् आफूले पहिलोपटक हिन्दी फिल्ममा काम गर्न लागेको जानकारी गराएका हुन् । फिल्मको टिमसहितको केही तस्वीरहरु सेअर गर्दै उनले लेखेकी छिन्, 'भ्वाइस मोडुलेसन, डिक्सन र फ्लोमा महिनौं काम गरेपछि म आफ्नो पहिलो हिन्दी फिल्मका लागि पूर्ण रुपमा तयार छु ।' उनी अहिले फिल्मको छायांकनका लागि भारतको पिथौरागढस्थित पञ्चाचुली क्षेत्रमा छिन् । उनले फिल्मको बारेमा विस्तृतमा जानकारी गराएकी छैनन् । तर, उनले सेअर गरेको एउटा तस्वीरमा हिउँमा 'दुर्गम' लेखिएको छ, जुन फिल्मको शीर्षक हुनसक्ने बुझिन्छ ।

उनले इन्स्टाग्राम स्टोरीमा भारतीय कलाकार गोदान कुमारसँगको एक तस्वीर पनि सेअर गरेकी छन् । अर्थात् उनीहरुले एकसाथ काम गर्दैछन् । गोदामले 'धडक', 'लाल कप्तान' जस्ता फिल्ममा काम गरिसकेका छन् । आफ्नो पहिलो हिन्दी फिल्ममा काम गर्न भारत जानुअघि बेनिशाले फिल्म 'सिटामोल'को छायांकन सकाएकी थिइन् । यसमा उनको जोडी अभिनेता सौगात मल्लसँग बाँधिएको छ । त्यस्तै, उनको मुख्य भूमिका रहेको नयाँ फिल्म 'उपहार' यही फागुन २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ । कोरोना महामारीभन्दा अगाडि उनले मुम्बईमा फिल्म मेकिङसम्बन्धी कोर्स समेत लिएकी थिइन् ।

*-फिल्मी खबर डटकम*

# चलचित्रमा अभिनय गर्न ७ महिना तालिम




वीरताको कथा र देशभक्तिलाई केन्द्रमा राखेर नेपालमा कमै चलचित्र निर्माण हुने गरेका छन् । अनुसन्धानमा समय र निर्माण लागत धेरै लाग्ने भएकाले निर्माता-निर्देशकले यस्ता विषयलाई ध्यान नदिएका हुन् । पूर्वगोर्खा सैनिक रहिसकेका निर्देशक तथा निर्माता मिलन चाम्सले गोर्खालीले रचेको इतिहासलाई समेटेर 'गोर्खा वारियर' निर्माण गरेका छन् । यही फागुन ११ देखि प्रदर्शन गरिने चलचित्र 'गोर्खा वारियर' मा सन् १९४९ मा मलाया जंगलमा बेलायती सेनामा आबद्ध गोर्खा सैनिकले लडेको लडाइँको कथा प्रस्तुत गरिएको छ ।

नेपालमा प्रदर्शन गर्नुअगाडि नै बेलायतमा प्रिमियर गरेर अन्तर्राष्ट्रियरूपमा चर्चामा रहेको चलचित्र निर्माण पूरा गर्न तीन वर्ष लागेको निर्देशक चाम्सले बताए । "मैले यसमा चलचित्रमा देखाइने काल्पनिकभन्दा पनि वास्तविक रूपमा सैनिकले लड्ने युद्ध देखाएको छु । म आफैँ पूर्वसैनिक भएकाले पनि यसमा कुनै सम्झौता गरिँन । चलचित्रमा सैनिकको घरपरिवार र पेसालाई देखाइएको छ । यसको तयारी एक दशक अगाडिको भएता पनि छायांकनमा तीन वर्ष खर्चेको छु", निर्देशक चाम्सले भने । उनले चलचित्रमा सैनिक देखिन सम्पूर्ण पात्रलाई झण्डै सात महिनाको प्रशिक्षण दिएको जानकारी दिए । मुख्य अभिनेता रितेश चाम्स आफैँ पूर्वसैनिक रहेकाले उनी बाहेकका अन्य कलाकारले तालिम लिए । त्यसमध्येका एक अभिनेता रेअर राईले उक्त समयमा निकै कठिन भएको बताए । "एउटा चरित्रका लागि सात महिनासम्म हामीले तालिम गरेर उक्त जीवनलाई पर्दामा जिउने कोशिस गरेका छौं । सुरुमा छोडेर जाउँजस्तो नभएको पनि होइन तर हाम्रो पुर्खाका गौरवगाथाले मलाई यो भूमिकासँग जोडेर राख्यो", अभिनेता राईले भने । उनले तालिममा गरिएका अभ्यासले चलचित्र छायांकनमा सहजता भएको बताए । निर्देशक चाम्सले चलचित्रमा सन् १९४९ को समय देखाउन उक्त समयमा युद्धमा प्रयोग भएका वस्तु नै विभिन्न संग्रहालयबाट ल्याएर प्रयोग गरिएको जानकारी दिए । यसमा मुख्य भूमिका निर्वाह गरेका अभिनेता रितेश चाम्स आफैँ पूर्वगोर्खा सैनिक भएता पनि चलचित्रका लागि विभिन्न प्रशिक्षण लिएको बताए । "मैले युद्धको क्रममा भोगेको भोगाइलाई नै यसमा प्रस्तुत गरेको छु । गोर्खाली गाथामार्फत नेपाललाई विश्वमा चिनाउने उद्देश्यका साथ यसमा अभिनय गरेको हुँ । गोर्खाली भनेपछि हामीले विदेशमा पाइरहेको सम्मानलाई शब्दमा व्यक्त गर्न सक्दैनौं । यो गोर्खालीको पराक्रमको दस्तावेज हो", अभिनेता चाम्सले भने । चलचित्रमा विजय लामा, रेविका गुरुङ, शिशिर बाङ्देल, कविता आले, विरुप घले, सारा राईलगायत कलाकारले अभिनय गरेका छन् । *-लोकान्तर डटकम*

# चलचित्र विकास बोर्डले के गर्न सक्थ्यो ? किन हुन्छ सधैँ आलोचना ?




चलचित्र विकास बोर्ड खारेज गर्नुपर्ने कि नपर्ने भनेर प्रश्न गरे धेरै चलचित्रकर्मी भन्छन्- यसको काम छैन, खारेज गरे हुन्छ । त्यसो त अहिले चलचित्र विकास बोर्डको नेतृत्व गरिरहेका अभिनेता भुवन केसी नै बोर्डको आवश्यकता छ/छैन भनेर केही सर्त राखेर बहस गर्न सकिने बताउँछन् । गएको माघ २ गते नेपाल इन्टरनेसनल फिल्म फेस्टिभलले काठमाडौंमा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले बोर्डलाई स्वायत्त नबनाए यो आवश्यक छ/छैन भनेर छलफल चलाउन सकिने बताएका थिए । "नीर शाहले बोर्ड आवश्यक छ कि छैन भनेर भनिरहनुभएको छ । कतिले बोर्ड खारेज गरे हुन्छ भन्नुभएको छ । बोर्ड स्वायत्त हुँदैन भने यसबारे पनि छलफल चलाउन सकिन्छ," भुवनले भनेका थिए । सरकारले बोर्डलाई स्वायत्त नबनाए चलचित्रकर्मीका माग र अपेक्षा पूरा गर्न नसकिने उनी स्पष्ट पार्छन् । 'विकास बोर्डमा पुग्दा मेरा पनि थुप्रै सपना थिए । यस्तो गरौँला, त्यस्तो गरौँला भन्ने थियो,' उक्त पत्रकार सम्मेलनमा उनले भनेका थिए, 'म बोर्डमा नपुग्दा 'अध्यक्षज्यू, यसो गर्नुपर्‍यो, त्यसो गर्नुपर्‍यो, किन भएन ?' भन्थें । तर, बोर्डमा पुगेपछि बल्ल थाहा पाएँ ।'

पुरानै कानुन र नीति-नियममा बसेर काम गर्नुपर्दा अपेक्षित प्रगति हुन नसकेको उनको भनाइ छ । नयाँ नीति-नियम बनाउँदै काम गर्नुपरेकाले धेरै कार्य गर्न नसकेको उनको तर्क छ । चलचित्र विकास बोर्डका निवर्तमान अध्यक्ष दयाराम दाहाल संस्था आफैँमा कहिल्यै खराब नहुने बताउँछन् । संस्थामा रहेका व्यक्ति, कानुनी प्रावधान र उपलब्ध स्रोतसाधनानुसार काम हुने उनको बुझाइ छ । "हाम्रोमा आलोचना गर्ने संस्कार नै बसिसकेको छ । नकारात्मक कुरा गरेर सुधार हुँदैन । कहाँ आलोचना र बहस गर्दा उपलब्धिपूर्ण हुन्छ, त्यहाँ बहस गर्नुपर्छ," दयाराम भन्छन्, "सबै व्यक्ति राम र रावण हुँदैनन् । हरेक व्यक्तिमा दुवै गुण हुन्छन् । कसरी काम गर्ने भन्ने हो । सबै व्यक्ति एक भएर भएको संस्थालाई कसरी सुधार गर्ने भन्नेतर्फ लाग्नुपर्छ, दानवीकरण गरेर मात्रै हुँदैन ।" विकास बोर्डले कानुन, ऐन र नियमावलीभित्र रहेर मात्र काम गर्ने तथ्यलाई भुल्न नहुनेमा उनको जोड छ । "बोर्डले नियमावलीले दिएको काम गर्ने हो," उनी भन्छन्, "बोर्डले ९० प्रतिशत काम मन्त्रालयको स्वीकृतिबिना गर्न सक्दैन भने बोर्डको आलोचना मात्रै गरेर हुँदैन । यथार्थ वस्तुस्थिति के छ बुझ्नुपर्छ ।" चलचित्रकर्मी पनि व्यक्तिअनुसारको कानुन खोज्ने प्रवृत्तिबाट मुक्त हुनुपर्ने उनी बताउँछन् । कानुन सबैका निम्ति एउटै हुने सर्वमान्य सिद्धान्तलाई आत्मसात् गर्नुपर्नेमा जोड दिन्छन् । चलचित्रकर्मीले भनेजसरी बोर्डले काम गर्न समग्र संरचनामा सुधार आवश्यक रहेको उनको धारणा छ । यसका निम्ति सबै चलचित्रकर्मी एक हुनुपर्ने उनी औँल्याउँछन् । "अपांग सन्तान जन्मियो भने त्यो सन्तानलाई भीरबाट लडाएर मार्दिने कि उपचार गर्ने ? यो प्रश्नको जवाफ तपाईं आफैं दिनुस्," दयाराम भन्छन्, "बोर्डलाई स्वायत्त नबनाएर अपांग बनाइएको छ । यो अपांग बोर्डको घाँटी निमोठेर सिध्याइदिने कि अधिकारसम्पन्न बनाउने भन्ने हो ।" सरकार/सरकारी उच्च अधिकारीलाई सिनेकर्मीका माग र औचित्यबारे बुझाउन सक्नुपर्ने उनी बताउँछन् । सरकारी उच्च अधिकारीले चलचित्रकर्मीका माग सुन्दैनन् भन्ने गरिन्छ, तपाईंले पनि यस्तै अनुभव गर्नुभएको हो ? भन्ने प्रश्नमा उनी भन्छन्, "हामीले उनीहरूलाई बुझाउन सकेनौं कि ? बुझाउन नसक्नुचाहिँ हाम्रो कमजोरी हो कि ? हामीले अरूलाई आरोप लगाउनुअगाडि आत्मसमीक्षा पनि गर्नुपर्छ होला ।" चलचित्र सांस्कृतिक, सामाजिक, राजनीतिक रूपान्तरणको माध्यम भनेर यसको संवेदनशीलतालाई बुझाउन नसक्नु सिनेकर्मी र बोर्ड नेतृत्वको कमजोरी रहेको उनको ठहर छ । बोर्ड नेतृत्व राजनीतिक रूपमा प्रयोग भइरहेको छ/छैन भन्ने विषयले पनि यसले कति काम गर्न सक्यो भन्ने निर्धारण गर्ने पूर्वअध्यक्ष दयाराम बताउँछन् । "हामी कतै राजनीतिक रूपमा प्रयोग पो भयौं कि ? राजनीतिक दलको, कुनै नेताको प्रयोग भयौं कि भएनौं भन्ने कुराले पनि प्रभाव पार्छ होला," उनी भन्छन् । यसका सदस्य एवं प्रवक्ता केएल पीडित बोर्डबाट अपेक्षित काम गर्न नसकेको स्वीकार गर्छन् । बोर्ड स्वायत्त नहुनु, दूरगामी योजना बनाउने र कार्यान्वयन गर्ने नेतृत्व आउन नसक्नु, राजनीतिक दलका कार्यकर्ता भर्तीकेन्द्र हुनु बोर्डले काम गर्न नसक्नुको मुख्य कारण भएको उनी स्पष्ट पार्छन् । बोर्डको काम, कर्तव्य र अधिकार चलचित्रको विकास र प्रवर्द्धन गर्नु पनि हो । तर, बोर्डका प्रवक्ता केएल स्वयं मौलिक चलचित्रको प्रवर्द्धन र यसलाई बढावा दिन असक्षम रहेको बताउँछन् । "मौलिक चलचित्र निर्माणलाई सशक्त बनाउँदै यसलाई मेनस्ट्रिमको दिशा दिन बोर्डले सकेको छैन," उनी भन्छन्, "पुराना र अपूर्ण कानुन पनि यसका कारण होलान् । धेरै कुरा बाधक हुन्छ, कति हामी आफैँले गर्न सकेनौं पनि होला ।" बोर्ड स्वायत्त भएर आफैं चलचित्रकर्मीका माग सम्बोधन गर्ने अवस्था नरहेको उनी सुनाउँछन् । स्वायत्त नहुनु मात्र पनि बोर्डले परिणाम दिन नसक्नुको कारण नभएको उनको भनाइ छ । बोर्डमा विभिन्न शाखा रहनु, एउटा परिमाणको बजेट हुँदाहुँदै पनि आवश्यक नीति तर्जुमा गरी दीर्घकालीन प्रभाव पर्ने काम बोर्डले गर्न नसकेको उनले महसुस गरेका छन् ।

तत्कालीन शाही नेपाल चलचित्र संस्थानले जति पनि बोर्डले काम गर्न नसकेको स्वीकार गर्न सक्नुपर्ने उनी बताउँछन् । आफ्नै परम्परा र रीतिथिति आँखैअगाडि रहँदा त्यसलाई उत्खनन गर्न स्रष्टालाई केन्द्रित गर्न नसक्नु पनि बोर्डको कमजोरी रहेको उनको ठहर छ । आवश्यक नीति तर्जुमा गरेर मन्त्रालयमा पेस गर्ने र त्यसलाई पारित गराएर कार्यान्वयन गराउनु पनि बोर्डको जिम्मेवारी हो । यसतर्फ पनि बोर्ड चुकिरहेको उनको भनाइ छ । बोर्डसँग प्राज्ञिक व्यक्तित्वको सधैँ अन्तरद्वन्द्व रहेको र त्यसको असर सिनेमा क्षेत्रको विकास र विस्तारमा परिरहेको आफूले महसुस गरेको केएल बताउँछन् । "सिनेमा हल व्यवसायीसँग बोर्डको सधैँ द्वन्द्व छ । प्राज्ञिक व्यक्तित्वसँग अन्त्यहीन द्वन्द्व छ । त्यसैले जसरी यसले गति दिनुपथ्र्यो, त्यो सकिरहेको छैन," उनी भन्छन्, "बोर्ड प्रवर्द्धनात्मक काममा फोकस हुनुपर्नेमा नियामक निकायजस्तो मात्रै भएको छ । यसले सहकार्य गर्नुपर्ने सरोकारवाला पक्षसँग द्वन्द्व मात्र बढाउने काम गरिरहेको छ । यस्तो अवस्थामा चलचित्र क्षेत्रको विकास र विस्तार सम्भव छैन ।" आफूआफैं द्वन्द्वमा रुमलिरहेको अवस्थामा विदेशमा बजार खोज्न नसकिने उनी प्रस्ट पार्छन् । जबकि, बोर्डको काममा नेपाली सिनेमाको बजार विदेशमा विस्तार गर्नु समेत हो । सिनेमा हल, निर्माता संघलगायत संस्थाका विवाद सधैँका निम्ति सम्बोधनमा जति पहलकदमी गर्नुपर्ने हो, त्यति गर्न बोर्डले नसकेको उनी सुनाउँछन् । मोफसलमा रहेका सिनेमा हल जसले चलचित्र हेर्ने संस्कृतिको जग बसाए, ती आज जीर्ण बनेर बन्द हुने अवस्थामा पुगेको उनी बताउँछन् । उनी भन्छन्, "ती हललाई कर र ऋणमा अनुदान दिएर आर्ट मुभी हेर्ने थिएटर बनाउन सकिँदैन ? यसमा बोर्डले पहल गर्न सक्नुपर्छ ।" करोडौंका पुराना सिनेमा हललाई हिस्टोरिकल बनाउन सकिनेमा बोर्डले नजरअन्दाज गरिरहेको बोर्ड सदस्य केएल स्वयं बताउँछन् । चलचित्र क्षेत्र नबुझेका व्यक्तिलाई बोर्डमा नियुक्ति दिनु पनि यसले काम गर्न नसक्नुको अर्को कारण भएको उनको बुझाइ छ । बोर्डलाई राजनीतिक दलका नेता-कार्यकर्तालाई जागिर खुवाउने भर्तीकेन्द्र बनाइनु दुःखद पक्ष भएको उनको गुनासो । "राजनीतिक नेतृत्व गर्ने कला, व्यवस्थापनको कला हुनु र सिनेमाको विकास, विस्तारमा भूमिका खेल्ने कला हुने छुट्टै कुरा हो," उनी भन्छन्, "राजनीतिमा सफल मान्छे चलचित्र विकास बोर्डमा पनि सफल हुन्छ नै भन्ने हुँदैन । तर, चलचित्र क्षेत्रको विकास र विस्तारमा ऊ योग्य छ भने त्यो बेग्लै कुरा हो ।" बोर्डमा चलचित्र र कला-संस्कृतिप्रति अभिरुचि भएको व्यक्ति नै आउनुपर्नेमा उनको जोड छ । चलचित्र क्षेत्रलाई दृष्टिकोण र गति दिने मान्छे पनि चाहिने उनी स्पष्ट पार्छन् । "३० वर्षको अनुभव छ भनेर मात्रै नहुने रहेछ । यो क्षेत्रलाई गति दिने भिजन र दृष्टिकोण पनि भएको गतिशील नेतृत्व चाहिने रहेछ," केएल भन्छन्, "कुनै दल वा विचारबाट आएको भए पनि बोर्डमा आएपछि सबैलाई समेट्न सक्ने क्षमता भएको, साझा दृष्टिकोण राखेर अगाडि बढ्न सक्नुपर्छ । विशाल छाती बनाउन सकेन भने त्यो बोर्डका लागि बोझ मात्रै हो ।" कमजोरी गर्ने व्यक्तिले आत्मसमीक्षा गरेर अगाडि बढ्न सक्नुपर्नेमा उनी जोड दिन्छन् । "म आफैँ कुनै निश्चित विचारधाराबाट आएको हुँला, तर मैले पनि गल्ती गरेको छु भने त्यसलाई सच्याएर अगाडि बढ्नुपर्छ," उनी भन्छन्, "बोर्डलाई भर्तीकेन्द्र बनाउने, आफ्ना मान्छेलाई पुरस्कार र सम्मान दिने प्रचलन छ । अवार्डका लागि जुरीमा म स्वयंको असन्तुष्टि छ । योग्य व्यक्ति जुरीमा छैनन् भने उसको निर्णयलाई कसले आत्मसात् गर्छ ? यस्ता विकृतिबाट बोर्ड मुक्त हुनैपर्छ । अन्यथा, यसको औचित्य र आवश्यकता हुनैपर्छ ।"

**चलचित्र विकास बोर्डको काम, कर्तव्य र अधिकार**

- चलचित्रको विकास तथा प्रवर्द्धन गर्नको लागि आवश्यक नीति तर्जुमा गरी मन्त्रालयसमक्ष पेस गर्ने,
- चलचित्रको विकास तथा प्रवर्द्धन गर्नको लागि योजना तथा कार्यक्रम तयार गरी कार्यान्वन गर्ने,
- चलचित्र क्षेत्रको विकासका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने/गराउने,
- राष्ट्रभाषामा स्तरीय चलचित्र निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने,
- नेपाली कला र संस्कृतिको जगेर्ना हुने किसिमका चलचित्र निर्माण गर्ने वातावरण सिर्जना गर्ने,
- नेपालको धार्मिक, सांस्कृतिक र सामाजिक मान्यतामा आँच नआउने गरी नेपाललाई विश्वमा परिचित गराउने खालका चलचित्रको निर्माण गर्नका लागि विदेशी चलचित्र निर्मातालाई प्रोत्साहित गर्ने,
- चलचित्र महोत्सवको आयोजना गराई चलचित्र क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्तिलाई प्रोत्साहित तथा पुरस्कृत गर्ने,

*-बाह्रखरी डटकम*

# कोरियन भाषा परीक्षा २०८१ पुस २ गतेसम्म



**काठमाडौं,** फागुन ८/इपीएस कोरिया शाखाले सुरु गरेको कोरियन भाषा परीक्षा आगामी २०८१ पुस २ गते सकिने भएको छ । सोमबार पहिलो चरण अन्तर्गत सुरु भएको उक्त परीक्षामा ४७ हजार पाँच सय १९ जना सहभागी हुने उक्त परीक्षा आउँदो चैत २४ गते सकिने इपीएस कोरिया शाखाका निर्देशक मैयाँ कँडेलले जानकारी दिइन् । उनका अनुसार दोस्रो चरणमा ७९ हजार नौ सय ३७ जनाको परीक्षा लिइने भएको र उक्त परीक्षा आउँदो २०८१ को वैशाख ३१ गतेदेखि साउन १६ गतेसम्म सञ्चालन हुनेछ ।

यसैगरी तेस्रो चरणको परीक्षामा ३६ हजार एक सय ७९ जना परीक्षार्थी सहभागी हुने तथा उक्त परीक्षा २०८१ कात्तिक २६ गतेदेखि सुरु भएर २०८१ पुस २ गतेसम्म सञ्चालन हुने भएको छ । सन् २०२३ का लागि कोरियाको उत्पादनमूलक क्षेत्रतर्फ एक लाख ६३ हजार ६ सय ३५ जनाले आवेदन दिएको इपीएस कोरिया शाखाले जनाएको छ । राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटीमा परीक्षा सुरु भइरहेको र उक्त परीक्षाका लागि एक दिनमा पाँचवटा सिफ्ट तयार गरी दिनमा एक हजार जनाले परीक्षा दिन थालेको इपीएस कोरिया शाखाका निर्देशक कँडेलले जानकारी दिइन् । उनले भनिन्, “पहिलो सिफ्टमा करिब ४७ हजार पाँच सय १९ जनाले कोरियन भाषा परीक्षा दिनेछन्, शनिबार पनि परीक्षा लिने गरी व्यवस्था मिलाएका छौं, तीन चरणमा सञ्चालन हुने उक्त परीक्षा आगामी २०८१ पुस २ गते सकिन्छ ।” परीक्षाको अघिल्लो दिन आफ्नो सिफ्टअनुसार इपीएस शाखा, कार्यालय ग्वार्कोमा बायो-मेट्रिक रजिस्ट्रेसन फिङ्ग प्रिन्ट दर्ताको लागि उपस्थित भई परीक्षाको दिन परीक्षा केन्द्र भैंसेपाटीमा बायोमेट्रिक भेरिफाइ हुने इपीएस कोरिया शाखाका शाखा अधिकृत कमल श्रेष्ठले जानकारी दिए । परीक्षा समयभन्दा एक घण्टाअघि परीक्षा हलमा परामर्श सुरु हुने र निर्धारित समयमा उपस्थित नभएमा परीक्षामा सहभागी नगराइने निर्देशक कँडेलले बताइन् । उनका अनुसार उक्त परीक्षामा मोबाइल फोन, स्मार्ट वाचलगायतका कुनै पनि विद्युतीय सञ्चारका साधन लैजान निषेध गरिएको छ । यसैगरी परीक्षामा चिट, कपी गरेको तथा अरू अवाञ्छित गतिविधि गरेको भेटिएमा परीक्षा रद्द गर्नका साथै चार वर्षसम्मका लागि परीक्षामा समावेश हुन निषेध गरिएको इपीएस कार्यालयले जनाएको छ । ***-रासस***

खेलकुद समाचार

## क्यानडा माथि नेपाल ‘ए’ को जित



**काठमाडौं,** फागुन ८/नेपालको ‘ए’ टोलीले मंगलबार खेलिएको दोस्रो एक दिवसीय क्रिकेट प्रतियोगितामा क्यानडा-११ लाई दुई विकेटले हराएको छ । जितसँगै नेपाल ‘ए’ ले तीन खेलको शृङ्खलालाई १-१ को बराबरीमा ल्याएको छ । पहिलो खेलमा क्यानडा-११ चार विकेटले विजयी भएको थियो । शृङ्खलाको तेस्रो तथा अन्तिम खेल बिहीबार खेलिने छ ।

काठमाडौंस्थित मुलपानी क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको क्यानडा-११ ले ४९.५ ओभरमा अलआउट हुनुअघि दुई सय ४० रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेपाल ‘ए’ ले ४९.१ ओभरमा आठ विकेट गुमाएर विजय लक्ष्य पुरा गऱ्यो । नेपाल ‘ए’ का लागि दुई ब्याट्सम्यानले अर्धशतकीय पाली खेले । कप्तान सन्दीप जोराले उत्कृष्ट अर्ध शतक बनाए । चौथो नम्बरमा क्रिज समाल्न आएका सन्दीपले ६६ रन बनाए । उनले ७४ बलको सामना गरी एक छक्का र सात चौका पनि हिर्काएका थिए । नियमित कप्तान विनोद भण्डारी मंगलबारको खेलमा अनुपस्थित रहेपछि सन्दीपले कप्तानको जिम्मेबारी पाएका हुन् । बसिर अहमदले पनि टोलीका लागि अर्धशतकीय पाली खेले । उनी ५२ रनमा अविजित रहे । पाँचौं नम्बरमा क्रिज समाल्न आएका बसिर अहमदले ७३ बलको सामना गरी एक छक्का र चार चौका हिर्काए । टोलीका लागि रासिद खानले पनि उत्कृष्ट पाली खेले । उनले ४७ रन बनाए । रासिद खानले ५१ बलको सामना गरी दुई छक्का र तीन चौका हिर्काए । कप्तान सन्दीप आउट भएपछि बसिर अहमद र रासिद खानले नै जिम्मेबारीपूर्वक ब्याटिङ गर्दै नेपाललाई जिततर्फ डोऱ्याएका थिए ।

अर्थ/कर्पोरेट समाचार

## नेप्सेमा सामान्य अंकको गिरावट




**पाल्पा,** फागुन ८/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य गिरावट देखिएको छ । मंगलबार परिसूचक एक दशमलव ७६ अंकले घटेर दुई हजार ३३ दशमलव ०६ को विन्दुमा कायम भएको हो ।

तीन सय १४ कम्पनीको ९३ लाख ४२ हजार पाँच सय ४६ कित्ता शेयर ७६ हजार आठ सय तीनपटक खरिदबिक्री हुँदा रु तीन अर्ब ११ करोड ३५ लाख ५६ हजार बराबरको कारोबार भएको छ । विकास बैंक समूहको उपसूचक शून्य दशमलव २५, वित्त समूह शून्य दशमलव ७२, लगानी समूह शून्य दशमलव १८, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ७१ र अन्य समूह एक दशमलव १० प्रतिशतले बढेका छन् । अरू सबै समूहको उपसूचक घटेको छ । बैंकिङ समूह शून्य दशमलव ४२, होटल तथा पर्यटन समूह शून्य दशमलव १८, जलविद्युत समूह शून्य दशमलव ३१, जीवन बीमा समूह शून्य दशमलव ४१, लघुवित्त शून्य दशमलव ७४, म्युचुअल फन्ड शून्य दशमलव ०५, निर्जीवन बीमा समूह शून्य दशमलव ०३ र व्यापार समूह शून्य दशमलव ३५ प्रतिशतले घटेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेड र समाज लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने ग्रिनलाइफ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा मंगलबारसबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु ३१ करोड ७३ लाख ७० हजार नौ सय ९८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने प्रभु सेलेक्ट फन्डको पाँच लाख २९ हजार सात सय ३१ कित्ता शेयर किनबेच भएको छ ।

# चोलेश्वर शर्मालाई जगत्-चन्द्र स्मृति राष्ट्रिय पुरस्कार




**पाल्पा,** फागुन ८/रत्न श्रेष्ठ पुरस्कार गुठी बागलुङले २०७९ सालको जगत्-चन्द्र स्मृति राष्ट्रिय पुरस्कार चोलेश्वर शर्माको “सगरमाथा एक पहाडको नाम होइन” निबन्ध सङ्ग्रहलाई प्रदान गर्ने भएको छ । मोफसलको सबैभन्दा पुरानो पुरस्कार गुठी रत्न श्रेष्ठ पुरस्कार गुठीका संरक्षक प्रेम छोटाका अनुसार हरेक दुई/दुई वर्षमा प्रदान गरिँदै आएकोमा २०७९ देखि पुरस्कार प्रत्येक वर्ष प्रदान गरिने व्यवस्था मिलाइएको हो ।

माता रत्नकुमारी श्रेष्ठको नाममा २०३३ सालमा गुठी स्थापना गरी २०३४ सालदेखि उत्कृष्ट कृतिलाई पुरस्कार दिने व्यवस्थाको आरम्भ गरिएको यस संस्थाले विभिन्न शीर्षकका पुरस्कारहरु प्रदान गर्दै आएको छ । यस वर्ष रत्न श्रेष्ठ राष्ट्रिय पुरस्कार महावीर पुनको जीवनीमा आधारित कृतिलाई, जगत्-चन्द्र स्मृति राष्ट्रिय पुरस्कार पाल्पाका चोलेश्वर शर्माको “सगरमाथा एक पहाडको नाम होइन” कृतिलाई र उत्कृष्ट विद्यार्थीलाई प्रदान गरिने गुरुगणेश विष्णु स्मृति पुरस्कार पर्वत जिल्लाका रामकृष्ण सुवेदीलाई प्रदान गर्ने भएको छ । हरेक वर्ष फागुन ७ गते प्रजातन्त्र दिवसका दिन प्रदान गरिने व्यवस्था रहे पनि यस वर्ष विशेष कारणले केही ढिला हुन गएको पुरस्कार अर्पण कार्यक्रम चैत्र महिनामा सारिएको हो ।

## मालपोत कार्यालय, रामपुर, पाल्पाको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पाल्पा जिल्ला साविक सहलकोट गा.वि.स. वडा नं. २ बस्ने डमर सिंको नाती सेर बहादुरको छोरा शिवलाल दरलामीको नाउँको हकदाबी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

पाल्पा जिल्ला साविक सहलकोट गा.वि.स. वडा नं. २ घर भई हाल रुपन्देही जिल्ला बुटवल उपमहानगरपालिका वडा नं. ५ बस्ने नुनु थापा मगरले पति शिवलाल दरलामी (ना.प्र.मा शिव थापा) को मिति २०७९/१२/१८ मा मृत्यु भएको हुँदा मृतक जग्गाधनी पति शिवलाल दरलामीको नाममा दर्ता कायम रहेको पाल्पा जिल्ल सहलकोट गा.वि.स. वडा नं. २ को कि.नं. १०६, १७५, ३७४ र ४४४ को क्षेत्रफल क्रमश: १-१२-२-२, १-२-१-०, ०-४-१-२ र ०-५-२-३ जग्गाको श्रेस्ता कायम गरी पाउँ भनी यस कार्यालयमा द.नं. १७४३, मिति २०८०/१०/०४ को माग दावी निवेदन पेश गरेकोले यो सूचना प्रकाशित गरिएको छ । निज निवेदकको पतिको नामथर नेपाली नागरिकता प्रमाणपत्रमा शिव थापा र जग्गा धनी दर्ता प्रमाण पूर्जामा शिवलाल दरलामी भई नामथर समेत फरक परेको देखिन आएकोले उक्त जग्गा अन्य कुनै व्यक्तिको नाममा कायम भएको छ/छैन ? उक्त कि.नं. र क्षेत्रफलको जग्गामा अरु कोही कसैको हकदावी भएमा वा श्रेस्ता कायम गर्न नपर्ने कारण भएमा बाटोको म्यादबाहेक ३५ दिनभित्र सबुद प्रमाण सहित हकदावी गर्न आउनुहोला । अन्यथा माग निवेदनका सम्बन्धमा प्रचलित ऐनकानुन बमोजिम श्रेस्ता कायम भई जानेछ । पछि कसैको उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सर्वसाधारण तथा सम्बन्धित सरोकारवाला निकाय तथा सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिन्छ ।

*ईति सम्वत् २०८० साल माघ महिना ०४ गते रोज ५ मा शूभम् ।*

## मालपोत कार्यालय, रामपुर, पाल्पाको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

पाल्पा जिल्ला साविक गाडाकोट गा.वि.स. वडा नं. १ बस्ने कुश्माखरको नाति खड्ग बहादुरको छोरा धन बहादुर वाग्लेको नाउँको हकदाबी गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना ।

पाल्पा जिल्ला साविक गाडाकोट गा.वि.स. वडा नं. १ घर भई हाल पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. १ बस्ने डिलु राज वाग्ले क्षेत्रीले बाबु धन बहादुर वाग्लेको मिति २०६७/०५/०५ मा मृत्यु भएको र आमा सुमित्रा देवी वाग्लेको पनि २०७१/०९/०२ मा मृत्यु भएको हुँदा शेष पछिको हकवालामा समेत ४ जना छोराहरु भएकाले मृतक जग्गाधनी धन बहादुर वाग्लेको नाममा कायम रहेको पाल्पा जिल्ला गाडाकोट गा.वि.स. वडा नं. १ को कि.नं. ३९५, ५३७, ५३८, ५३९, ५४०, ५४७ र ७७५ को क्षेत्रफल क्रमश : १७-११-२-३, ४-१५-१-३, ५-१४-०-१, १९-१५-३-२, २-७-१-१, ०-१२-३-२ र ०-११-२-० जग्गाको श्रेस्ता कायम गरी पाउँ भनी यस कार्यालयमा द.नं. १६५५, मिति २०८०/०९/२४ को माग दावी निवेदन पेश गरेकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त कि.नं. र क्षेत्रफलको जग्गामा अरु कोही कसैको हकदावी भएमा वा श्रेस्ता कायम गर्न नपर्ने कारण भएमा बाटोको म्यादबाहेक ३५ दिनभित्र सबुद प्रमाण सहित हकदावी गर्न आउनुहोला । अन्यथा माग निवेदनका सम्बन्धमा प्रचलित ऐनकानुनबमोजिम श्रेस्ता कायम भई जानेछ । पछि कसैको उजुर बाजुर नलाग्ने व्यहोरा सम्बन्धित सर्वसाधारण तथा सम्बन्धित सरोकारवाला निकाय तथा सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिन्छ ।

*ईति सम्वत् २०८० साल पुष महिना २४ गते रोज ३ मा शूभम् ।*

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई